# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

प.सं : २०७६/०७७ (प्र.शा.)  मिति : २०७६/०५/२७

च.नं. :

**धनगढी उप–महानगरपालिकाको कार्यालय**

**धनगढी,कैलालीको प्रेश विज्ञप्ती**

आज मिति २०७६/०५/२६ गते धनगढी उप–महानगरपालिकाको कार्यालय,धनगढी कैलालीले धनगढी उप–महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वड ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३६ औं कार्यपालिका बैठकमा गत आ.व. ०७५/०७६ मा संचालित कार्यकम / आयोजनाहरुको बार्षिक प्रगति प्रस्तुत गरी सम्पन्न गरेको छ। समीक्षा प्रगतिमा नगरपालिकाका सम्पूर्ण शाखा/महाशाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत श्री नारायण प्रसाद सापकोटाको समन्वयमा प्रगति विवरण प्रस्तुत गरेका थिए। सम्मानित नगर कार्यपालिकाको ३६ औं वैठकमा प्रमुख प्रशासकीय अधिकृतबाट नगर कार्यपालिकाको कार्यालयबाट गत आ.व. ०७५/०७६ मा भएको यथार्थ आम्दानी, खर्च, पूजिँगत खर्च, चालु खर्च, वित्तिय व्यवस्थापन, सुशासन र सेवा प्रवाह बारेमा जानकारी गराउँदै सेवा प्रवाह र गुणस्तरीय नागरीकमैत्री सेवा प्रवाहमा सुधार गर्नु पर्ने विषय उपर पनि व्यापक छलफल चलाउनु भएको छ। कार्यपालिका बैठकले समेत प्रगति बारेमा गहन छलफल गरी विकाशलाई सेवा प्रवाह र उद्यमशिलता प्रवर्द्धनसंग जोडने सुझाव दिएको छ।

नगर कार्यपालिकाको कार्यालयका सबै शाखा/महाशाखा प्रमुखहरुबाट आ–आफ्नो शाखा/महाशाखाहरुको गत आ.व.०७५/०७६ को प्रगति सम्बन्धमा विवरण प्रस्तुत गरिएको थियो भने नगर कार्यपालिकाका सदस्यहरुबाट कार्यक्रम/ योजना,सेवा प्रवाह,पारदर्शिता र सुशासनका बिषयमा व्यापक छलफल गर्नुभयो र अबका दिनमा अझ बढी परिस्कृत रुपमा अगाडि बढ्न समेत सुझाव प्राप्त भएको छ। प्रमुख प्रशासकीय अधिकृतबाट कार्यपालिकामा प्रस्तुत गर्नु भएको, गत आ.व. को समग्र प्रगति यसै साथ संलग्न छ भने सम्पूर्ण शाखा/महाशाखाहरुको प्रगति उप–महानगरपालिकाको वेवसाईटमा यथाशिघ्र अपलोड गरिने छ।

२०७६/०५/२६

सुरेन्द्र सिंह कार्की

प्रशासकीय अधिकृत/ सूचना अधिकारी

धनगढी उप–महानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

Scanned by CamScanner